जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १८१ २०८२ साल फागुन ६ गते बुधबार (18 Feb 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजी विद्रोह, संविधान ... ३ पृष्ठमा : भारतको केन्द्रीय प्रसारण ... ३ पृष्ठमा : बङ्गलादेशका भावी प्रधानमन्त्री ...

# क्षेत्र नं. ३ मा विभिन्न पार्टी र स्वतन्त्र गरी २२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा



**उपेन्द्र यादव**
**उम्मेदवार, जसपा नेपाल**



**दिनेश यादव**
**उम्मेदवार, नेपाली काँग्रेस**



**ताराकान्त चौधरी**
**उम्मेदवार, नेकपा एमाले**



**अमरकान्त चौधरी**
**उम्मेदवार, रास्वपा**



**अरुण कुमार साह**
**उम्मेदवार, नेकपा**

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नं. ३ मा विभिन्न पार्टी र स्वतन्त्र गरी २२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।

राजनीतिक रुपमा निकै चर्चा र चासोको विषय बनेको यसक्षेत्रमा पुरानोदेखि नयाँ उम्मेदवारहरु चुनाव जित्न आ-आफ्नै रणनीतिमा लागेका हुन्।

यसक्षेत्रबाट पहिलो पटक चुनावी मैदानमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्नुले पनि थप चासो र चर्चाको विषय बनेको हो।

यस क्षेत्रबाट नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ती पार्टी नेपालका सहमहासचिव गजेन्द्र मण्डल र नयाँ शक्तीका रुपमा देखापरेका रास्वपाका डा.अमरकान्त चौधरीको प्रवेशले पनि रोचक प्रतिस्पर्धा हुने मतदाताहरुको भनाई छ।

जसपा नेपालका राष्ट्रिय अध्यक्ष यादव यस क्षेत्रबाट मैदानमा उत्रिएपछि जित निकाल्न पार्टीका नेता/कार्यकर्ता प्रचारप्रसारलाई तिब्रता दिदै पुरा शक्ति लगाएको देखिएको छ।

यसअघिको प्रतिनिधिसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट नेपाली काँग्रेसका दिनेश कुमार यादवले जितेका थिए। २०६४ र २०७० सालको संविधानसभा निर्वाचन र २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा लगातार उम्मेदवार भएका यादव पछिल्लो पटक यस क्षेत्रबाट जित निकालेका थिए।

यादवले २६ हजार १ सय ६६ मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेका तारकान्त चौधरीले २२ हजार ३ सय मत प्राप्त गरेका थिए। काँग्रेसका उम्मेदवार यादव जितलाई निरन्तरता दिने रणनीतिमा लागेका छन् भने अन्य दल काँग्रेसको पकड क्षेत्र तोड्दै आफ्नो जित निकाल्ने दाउमा लागेका छन्।

यहाँ नेपाली काँग्रेस, जसपा नेपाल, रास्वपा, राष्ट्रिय मुक्ती पार्टी नेपाल, जनमत, नेकपा तथा एमाले

***बाँकी अन्तिम पृष्ठमा***

## एमाले परित्याग गरेका पूर्वमन्त्री देव नेपाली काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

केहीदिन अघि मात्रै नेकपा एमाले परित्याग गरेका पुर्वमन्त्री एवं राष्ष्ट्रियसभा सदस्य जितेन्द्रनाराण देव नेपाली काँग्रेसमा प्रवेश गरेका छन्।

राजविराज स्थित काँग्रेस पार्टी कार्यालयमा मंगलबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उनी सहित एक दर्जन नेता कार्यकर्ता काँग्रेसमा प्रवेश गरेका हुन्।

उनलाई नेपाली काँग्रेसका जिल्ला सभापति रामेदव साह, उपसभापति रामकुमार यादव, सचिव सनत कुमार मंडल र नवनिर्वाचित राष्ट्रियसभा सदस्य रञ्जित कर्णले फुलमाला, अविर लागाएर पार्टी प्रवेश गराए।

पार्टी प्रवेशपछि देवले काँग्रेसको विशेष महाधिवेशनबाट पारित नीति, विचार, योजना र प्रतिवद्धतालाई आत्मसात गर्दै पार्टीमा प्रवेश गरेको बताए। उनले गगन थापा नेतृत्वको कार्यसमिति प्रति आस्थावान रहि काँग्रेमा फर्किएको स्पष्ट पारे।

“गगन थापा नेतृत्वको केन्द्रिय कार्यसमति प्रति पुर्ण प्रतिवद्ध तथा आस्थावान रहि आजैको मितिदेखि म सहित मलाई सहयोग र समर्थन गर्दै सधैं साथ दिदै आएको सम्पुर्ण साथीहरु नेपाली काँग्रेसमा फर्केको औपचारिक रुपमा सार्वजनिक घोषणा गर्दछु” पार्टी प्रवेश कार्यक्रममा उहाँले जारी गर्नुभएको प्रेस वक्तव्यमा उल्लेख छ।

काँग्रेको विशेष महाधिवेशनले पारित गरेको नवीन नीति र नयाँ अग्रमणकारी सोचको नयाँ नेतृत्वले देशमा सामाजिक-राजनीतिक रुपान्तरणको अभियानलाई प्रभावकारी र निर्णायक ढंगले अघि बढाउने र पार्टीलाई बदल्ने कार्य शुरु गरे जस्तै देशलाई पनि जनहितमा बदल्ने उहाँले विश्वास व्यक्त गरे।

विद्यार्थीकाल देखि राजनीतिमा लाग्नुभएका देव नेकपा एमाले, मधेशी जनाधिकार फोरम लोकतान्त्रिक हुँदै काँग्रेस पार्टीमा आएर राष्ट्रिसभा सदस्य समेत बनेका थिए।

राष्ट्रियसभाको पदावधि सकिएपछि पुनः नकपा एमालेमा प्रवेश गर्नुभएको उनले केही दिन अघि सप्तरीमा पत्रकार सम्मेलन गरी एमाले परित्यागको घोषणा समेत गरेका थिए।

## आम जनता पार्टीका उम्मेदवार दासले जनाधिकार पार्टीलाई दिए समर्थन

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

जनाधिकार पार्टीका अध्यक्ष डा. शरद सिंह यादवले आफ्नो पार्टीको चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। राजविराजमा मंगलबार पत्रकार सम्मेलन गरी उनले पार्टीको घोषणापत्र र प्रतिवद्धतापत्र सार्वजनिक गरेका हुन्।

उनले सार्वजनिक गरेको घोषणापत्र तथा प्रतिवद्धतापत्रमा

***बाँकी अन्तिम पृष्ठमा***




## निर्वाचनलाई वातावरणमैत्री बनाऔं।

- ❖सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- ❖निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- ❖निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- ❖निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- ❖निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- ❖निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- ❖निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- ❖निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जेनजी विद्रोह, संविधान संशोधन र आगामी निर्वाचन : एक चर्चा

**धिरज शेर्पाली**

संविधान र व्यवस्थामा केही विषय थप्दैमा समाजवादी भइहाल्छ भन्ने होइन । तर समाजवाद उन्मुख अवश्य हुन्छ । नवउदारवादी पुँजीवाद संकटमा छ। मानव जाति पनि संकटमा छ, किनभने एपस्टिन फाइलको सार्वजनिकीकरणले पनि समाजवाद उन्मुख हुनैपर्छ भन्ने देखाउँछ र अर्को विकल्प हामीसँग छैन । लोकतन्त्र भनेको समाजवादमा पुग्ने बाटो हो भने समाजवाद उच्च स्तरको लोकतन्त्र हो। यी दुई दार्शनिक प्रवर्ग बिना दुनियाँ बुझ्न र बदल्न सकिँदैन । हिजोको जस्तो एकल रेखात्मक दार्शनिक प्रवर्ग होइन, बरु बहु-रेखात्मक दार्शनिक प्रवर्गको बाटोबाट चौथो औद्योगिक क्रान्तिको नेतृत्व गर्ने वाम राजनीतिक विचारधारासहितको बलियो शक्ति आवश्यक छ र त्यो दलले फागुन २१ को निर्वाचनमा बहुमत ल्याउनुपर्छ।

स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको वैचारिक सर्वगुण भएको दलले मात्र नेपालमा औद्योगिक क्रान्तिको नेतृत्व गर्न सक्छ। चौथो औद्योगिक क्रान्तिले नागरिक स्वतन्त्र हुनेछन्, सुखी हुनेछन्, युवाहरू विदेश पलायनको समस्या अन्त्य हुनेछ। बेरोजगारी र गरिबी, रोग, भोग, अभावबाट नागरिक मुक्त हुनेछन् र धनी र गरिब बीचको खाडलको अन्त्य हुनेछ। विदेशमा श्रम होइन वस्तु र सेवा निर्यात गरी निरन्तर दुई अङ्कको आर्थिक वृद्धिदर दुई दशकसम्म हासिल गर्नु पर्दछ र आजको १४ सय प्रतिव्यक्ति आयलाई छोटो समयमा १४ हजार डलरमा पुऱ्याउने एक भयानक संकल्प हुनेछ। आगामी निर्वाचनमा जेनजी र अग्रगामी शक्तिले एक संकल्प गर्नैपर्दछ। पहिलो औद्योगिक क्रान्ति क्रमशः दोस्रो, तेस्रो र एकैपटक चौथो औद्योगिक क्रान्ति सम्पन्न गर्ने विचार र रणनीतिको बाटो अङ्गीकार गर्नै पर्दछ । तीव्र वा भ्यागुतो जस्तै उफ्रिने महान् छलाङको आर्थिक विकासमा जाने नीति राज्यले तय गर्नै पर्दछ। नेपाल ग्लोबल साउथका देशहरूसँग प्रतिस्पर्धा गर्ने राष्ट्रमा छलाङ मार्नेछ। एक राष्ट्र एक संकल्प, एक नेपाली एक संकल्प, एक दल एक संकल्प फागुन २१ को निर्वाचनमा व्यक्त हुनेछ । तेस्रो विश्वबाट पहिलो विश्वमा पुग्ने संकल्प नेपालले लिनै पर्दछ।

समाज र राज्यमा कैयौं अन्तरविरोध एकैसाथ टकराउँछन्, र सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अन्तरविरोध विस्फोट हुन्छन्। देशमा घटित घटनाहरू देशीविदेशी शक्तिले सञ्चालित भन्नुभन्दा पनि उपरोक्त आन्तरिक अन्तरविरोधको कारक तत्त्वले काम गरेको भन्नु उपयुक्त हुन्छ । यो भन्दा पृथक् रूपमा विश्लेषण गर्नु युक्तिसंगत हुँदैन र गर्नु पनि हुँदैन । लामो समयदेखि चुलिएको अर्थ-राजनीतिक अन्तरविरोधहरू विकराल छन् । देशमा निरपेक्ष गरिबी र बेरोजगारी हाम्रा प्रमुख समस्याहरू हुन्, साथै व्याप्त भ्रष्टाचार, निम्न उत्पादन तत्त्वको वृद्धि पनि एक जटिल समस्या हो। आर्थिक विकासको स्तर निम्न हुनु र शासकहरूद्वारा राज्यशक्तिको आडमा राष्ट्रको सम्पत्ति दोहन व्यापक भयो र नीतिगत भ्रष्टाचारले सीमा नाघ्दै गयो । वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र जातपातजन्य विभेद, असमानता र बहिष्करणका समस्या जटिल हुँदै गए। यी तमाम समस्याहरू जेन्जी विद्रोहका लागि कारक तत्व बन्न पुगे । अर्थ-राजनीतिसँग सम्बन्धित जेन्जी विद्रोहलाई सचेत ढङ्गले क्रान्तिकारी दिशामा पुऱ्याउने दायित्व आम नेपालीको काँधमा छ । यसलाई छिटोभन्दा छिटो जेन्जी विद्रोहलाई संस्थागत गर्दै जानुपर्छ नत्र विद्रोहका मुद्दा अपहरण हुने र जसले गर्दा जनताको सार्वभौम सत्ता समेत गुम्ने खतरा हुन्छ । जसलाई पुनः प्राप्तिको लागि भावी पुस्ताले कैयौं वर्ष संघर्ष गर्नु पर्ने हुन्छ ।

जेन्जी विद्रोहले संसद विघटन र अन्तरिम सरकार गठन गर्नसम्म सफल भएको छ। तर देशका कैयौं मुद्दा हल हुन बाँकी नै छन् । हामीले हेक्का राख्नुपर्ने कुरा के हो भने विद्रोह युद्धविराममा परिणत भएको छ, युद्ध अन्त्य कदापि भएको छैन किनभने विद्रोहले उठाएका मुद्दाहरू अझै पूरा भएका छैनन् । २०७२ सालमा जारी संविधानसभाबाट नेपाली जनता सार्वभौम सम्पन्न भए र जनताले स्वतन्त्रता र समानता प्राप्त गर्न भने सफल भए तर संविधानसभा जनताका कैयौं मुद्दाहरू समाधान गर्न असफल भएको यथार्थ हो। जस्तैः प्रत्यक्ष शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिवर्तन गर्न संविधानसभा चुक्यो । राज्य पुनःसंरचना आयोग र राज्यशक्ति बाँडफाँट समितिले सामर्थ्यका चार र पहिचानका पाँच आधारमा संघीय संरचना बनाउनुपर्ने प्रतिवेदन प्रस्तुत गरेको थियो तर संविधानसभाले यति महत्त्वपूर्ण विषयलाई गम्भीर लिन सकेन र मधेसी, महिला, दलित, आदिवासी जनजातिका सरोकारका माग पनि सुनुवाइ भएनन् र आज पनि यी मुद्दा ज्युँका त्युँ कायम छन्। र आर्थिक समृद्धि र विकासको पाटो निकै पछि धकेलियो । यत्ति मात्र होइन देशमा राजनीतिक अस्थिरता चुलिँदै गयो, दश वर्षमा बारम्बार सरकार र म्युजिकल चेयर बनाउने काम भयो तर जनता रोग र भोकबाट ग्रसित हुँदै गए र जनताको अवस्था परिवर्तन भएन । डिजिटलमा अभूतपूर्व विकास, नेटवर्किङ, डिजिटल क्रान्ति, सामाजिक सञ्जालको व्यापक विस्तारले जेन्जी पुस्ताको विद्रोहको भावनालाई अभिवृद्धि गरिदियो । राजनीतिक अस्थिरताबाट म्युजिकल चेयरको रूपमा बारम्बार सरकार परिवर्तनले झन्-झन् युवामा विद्रोहको ज्वाला विस्फोट हुँदै थियो । ठुला-ठुला भ्रष्टाचारका काण्डले झन्-झन् विद्रोहमा घ्यु थपिँदै गयो । सार्वजनिक शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवामा आम नागरिकको पहुँच निकै जटिल बन्दै गयो। धनी र गरिब बीचको खाडल चुलिँदै गयो । देशमा चरम व्यापार घाटा चुलियो । आर्थिक गतिहीनता, बेरोजगारी र गरिबीको खाडल गहिरिँदै गयो, आर्थिक रूपमा वैदेशिक परनिर्भरता चुलियो । निराशा र वैदेशिक पलायनको आम प्रवृत्ति बढ्दै गयो । भ्रष्टाचार र कुशासनको दुश्चक्रमा देश फस्दै गयो । आर्थिक विकास रोकिनु, अग्रगमनको मार्गमा अवरोध हुनु, आन्तरिक राष्ट्रिय समस्या समाधान भन्दा जटिल बनाउनु, र संघीयतालाई बदनाम गर्नु । जातपातजन्य समस्यालाई नजरअन्दाज गर्नु, हिमाल पहाड र मधेसलाई विभाजन गर्न मलजल गर्नु । जटिल भू-राजनीतिक समस्याको समाधान भन्दा एक अर्कोको विरुद्ध कार्ड प्रयोग गर्नु । यी तमाम समस्याबाट देश चौतर्फी संकटबाट गुज्रिएको प्रष्ट हुन्छ । जसको परिणाम स्वरूप जेन्जी विद्रोह हुन पुग्यो र देशले ठुलो नोक्सान बेहोर्नु पर्यो । यी समस्याबाट के प्रष्ट छ भने अझै पनि जेन्जी विद्रोह क्रान्तिमा रूपान्तरित भएको छैन बरु युद्धविराममा परिणत भएको मात्र छ। सौभाग्यवश झन्न नेपाल सरकार र जेन्जी प्रतिनिधि बीच १० बुँदे सम्झौता भयो र संविधान संशोधन गर्नुपर्ने बाध्यता हुन पुगेको छ र जेन्जी विद्रोहले एक हदसम्म मूलतः सफलता प्राप्त गर्न सफल भयो । १० बुँदे सम्झौताले नेपाली लोकतान्त्रिक आन्दोलनले पूर्णता पाउनु देश र जनताको लागि निकै सफलता मान्नुपर्छ। निर्वाचनपछि संविधान संशोधन गर्नु र कार्यान्वयन गर्नु भने निकै चुनौती छ। दुर्भाग्यपूर्ण भन्नुपर्छ कि लोकतान्त्रिक आन्दोलनमा बलिदान गरेका राजनीतिक दलहरूले जेन्जी आन्दोलन र यसका उपलब्धिहरूलाई धुत्कार्दै विदेशी एजेन्टको संज्ञा दिनु अज्ञानताको पराकाष्ठा मात्र हो र १० बुँदे सम्झौतालाई अस्वीकार गर्नु देशलाई आर्थिक समृद्धि र विकासबाट वञ्चित गर्नु हो।

फागुन २१ को निर्वाचनमा सरकार र जेन्जी प्रतिनिधि बीच भएको दश बुँदे सम्झौता स्वीकार गर्ने र अस्वीकार गर्ने बीचको जनमतसंग्रह जस्तै हो भन्दा अन्यथा नहोला । यो निर्वाचन दशबुँदे सम्झौता विरोधी र पक्षधर बीच भीषण संघर्ष हुने निश्चित छ र विरोधी धारको असफल र पक्षधरको सफलता वा बहुमत निश्चित छ।

नेपाली जनता सामु अझै पनि दुई खाले चुनौती बाँकी छन्, एक देशमा प्रतिक्रान्तिकारी चुनौती र अर्को यथास्थितिमा देश फर्काउने हो कि भन्ने चिन्ता । यी दुई प्रवृत्ति वा शक्ति नेपाली जनतामा निहित सार्वभौम सत्ता र संविधानका विरुद्ध परिलक्षित हुने खतरा जीवितै छ। यथास्थितिवादी शक्तिले विद्रोहलाई तुहाउने हरसम्भव कोसिस गर्दै छन् भने प्रतिगामी शक्तिले व्यवस्था उल्टाउने कोसिस गर्दै छन् । जेन्जी विद्रोहले प्रत्यक्ष शासकीय स्वरूप र पूर्ण निर्वाचन प्रणालीको घोषणा गर्न सकेको भए यो निकै उपलब्धिमूलक क्रान्ति साबित हुने थियो । तर पनि जेन्जी विद्रोहले अन्तरिम सरकार र संसद विघटन गर्न सफल भएको छ र आगामी मार्ग तय गर्दै ऐतिहासिक उपलब्धि हासिल गर्ने अवसरको निकट छ। जेन्जी विद्रोहको ताकतमा गठन भएको अन्तरिम सरकारले पछि बन्ने संसदले अनुमोदन गर्ने गरी संघमा र प्रदेशमा प्रत्यक्ष शासकीय स्वरूप र पूर्ण समानुपातिक निर्वाचन प्रणाली र यथाशीघ्र प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको निर्वाचन घोषणा यो अन्तरिम सरकारले गर्नुपर्दथ्यो र शासकीय स्वरूप र निर्वाचन प्रणालीमा आमूल परिवर्तन नगर्दासम्म नीतिगत भ्रष्टाचारका काण्ड भइराख्छन् । पुरानो प्रक्रियामुखी कर्मचारीतन्त्र छ, दोहनकारी कानुन र न्यायालय छ, यसलाई आमूल परिवर्तन नगरेसम्म भ्रष्टाचारको जालो तोड्न सकिँदैन । हाम्रो कर्मचारीतन्त्र प्रक्रियामुखी छ, परिणाममुखी बनाउनुपर्छ र आमूल सुधार अत्यावश्यक छ। राज्यका सबै संयन्त्रमा सुधार गर्दै आर्थिक राजनीतिक क्षेत्रका सबै विसंगति अन्त्य गर्नुपर्छ । एउटा निष्पक्ष र स्वतन्त्र बलियो भ्रष्टाचार निरोधक संयन्त्र निर्माण गर्नुपर्छ । सबै भ्रष्टाचारीलाई कारबाही गर्न सक्ने हैसियत राख्ने जनलोकपाल निर्माण गर्नुपर्छ ।

(५) सम्पत्तिको प्रमुख स्रोत जमिन हो र जमिनमा वैज्ञानिक भूमिसुधार छिटोभन्दा छिटो लागू गर्ने हिम्मत गर्नै पर्दछ । अर्थात् चौथो औद्योगिक क्रान्तिको आधार तयार नगरी हामीलाई सुखै छैन । शिक्षा क्षेत्रमा आमूल सुधार गरौँ जसको आधार तत्व उद्यमशीलता, नव-प्रवर्द्धन, देशलाई औद्योगिकीकरण गर्ने व्यवसायी र प्राविधिक शिक्षामा राज्यको ठुलो धनराशि खर्च गर्न सक्नुपर्छ । हालको यथास्थितिमा रहेको शिक्षामा पुनःसंरचना गर्नैपर्छ । कानुन र न्याय प्रणालीमा सुधार गरौँ । प्रशासन पुरानो छ, बदलौँ, प्रक्रियामुखी होइन छिटो परिणाम दिने खालको बनाऔँ जसले देशको औद्योगिकीकरणको प्रशासनिक नेतृत्व प्रदान गरोस् । हामी र हाम्रो देश नेपाल के हो? बुझौँ, भारत र चीन केन्द्रित भू-राजनीतिमा जुन जटिलता छ यसको समाधान गर्दै केही वर्षभित्र पहिलो र तेस्रो अर्थतन्त्र बीच हाम्रो अर्थतन्त्र अवस्थित हुँदै छ, यी दुई भावी आर्थिक महाशक्तिसँग पदचाप मिलाऔँ र दुई तिरका ठुला समुद्रमा निस्सासिने होइन बरु डुङ्गामा सयर गर्ने आर्थिक रणनीतिको बाटो तय गरौँ । उत्पादनमा मूल्य शृङ्खला मिलाऔँ र तीव्र औद्योगिकीकरण तिर अगाडि बढौँ । हाम्रो संघीयताको सैद्धान्तिक आधार तयार गरौँ । यो अभिशाप होइन देशको आर्थिक विकासको लागि वरदान साबित हुनेछ। माथि सिंहदरबारबाट होइन बरु तलबाट माथि जाने आर्थिक विकासको मोडेलमा जाऔँ ।

अधिकार सम्पन्न प्रदेश र स्थानीय तहलाई औद्योगिक जोन बनाऔँ । लगभग सय खर्बको हाम्रो अर्थतन्त्र हो र राष्ट्र बैंकमा रहेको १८ खर्ब पुँजीलाई औद्योगिक उत्पादनमा लगानी गरौँ । र बाँकी ९१ खर्ब पुँजीलाई ट्रेडमा मात्र होइन कृषि, उद्योग र सेवा क्षेत्रमा लगानी गरौँ । हालैको वित्तीय संकट समाधान गरौँ र कोमामा रहेका उद्योगपति र व्यवसायीहरूलाई राज्यले संरक्षण गर्ने नीति यथाशीघ्र तय गरौँ । वित्तीय पुँजी र औद्योगिक पुँजी बीचको अन्तरविरोध हल गरौँ र ऊर्जा उत्पादनमूलक क्षेत्र, ठुला पूर्वाधार, मध्यम उद्योग, साना उद्योगमा वित्तीय व्यवस्थापनको पहुँच सजिलो र सहज पारौँ । उद्योगमा लगानी गर्न विदेशमा बस्ने गैरआवासीय र स्वदेशमा बस्ने नेपालीहरूलाई प्राथमिकता दिँदै विदेशी लगानीलाई पनि आकर्षित गर्ने नीति लिनु पर्दछ।

पूर्वीया दर्शनमा बुद्धिजम, हिन्दुइज्म र ताओइज्मका सकारात्मक अवधारणाबाट पनि सिकौँ र नेपाली समाजमा कायम रहेको जात व्यवस्थालाई बदलौँ र वैज्ञानिक समाज व्यवस्थामा नेपाली समाजलाई रूपान्तरण गरौँ । निर्वाचन पछि बन्ने प्रतिनिधिसभाको पहिलो बैठकबाट संविधान संशोधन गरौँ र जेन्जी प्रतिनिधिसँग अन्तरिम सरकारले गरेको १० बुँदे सम्झौता लागू गरौँ । उच्चस्तरीय कार्यदल, सहिद घोषणा, क्षतिपूर्ति, उपचार, शिक्षा, रोजगार, राहत, अर्थपूर्ण समीकरण - अत्यधिक बलप्रयोग, गैरन्यायिक हत्या, मानवाधिकारको उल्लङ्घन, निष्पक्ष छानबिन, प्रवासी नेपाली मताधिकारको व्यवस्था, सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन, राजनीतिक र नीतिगत भ्रष्टाचार, दलीयकरणको अन्त्य, कसैलाई मतदान गर्दिन (च्प्नजत तय चभवभअत), (च्प्नजत तय चभअर्वाी), प्राइमरी इलेक्सन, प्रवासी नेपाली मताधिकार, अस्थायी बसोबास कर्ताका लागि मतदान सुविधा, सुशासन भ्रष्टाचार नियन्त्रण, प्रतिनिधित्व वृद्धि, एक व्यक्ति दुई कार्यकाल लागू, महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, थारू, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबैको राज्यसत्तामा सहभागिताको ग्यारेन्टी गरौँ र प्रतिनिधिमूलक लोकतन्त्र होइन कि समावेशी समानुपातिक सहभागितामूलक प्रत्यक्ष लोकतान्त्रिक प्रणालीको विकास नगरी हामीलाई सुखै छैन र राज्य प्रणालीलाई समाजवाद उन्मुख बनाउनै पर्दछ, हामीसँग अर्को विकल्प छैन । रातोपाटीबाट

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# उखुबारीमा आगलागी हुँदा एक करोड बढीको क्षति

सिरहा, ५ फागुन (रासस)।

यहाँको लहान नगरपालिका-१३ घलेटोलमा सोमबार दिउँसो आगलागी हुँदा करिब ३० बिघा क्षेत्रफलमा लगाइएको उखु जलेर नष्ट भएको छ।

प्रारम्भिक विवरणअनुसार आगलागीबाट स्थानीय २५ किसानको करिब रु एक करोड १६ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार दिउँसो उखुबारीको मध्यभागबाट आगो सल्किएको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थानीय बासिन्दाको सहयोगमा आगो मानव बस्तीमा फैलिन नदिइएको उहाँले बताउनुभयो।

गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रको सहयोगमा करिब ४ घन्टापछि आगो पूर्णरूपमा निभाइएको थियो। लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजारेस्बाट सहयोग मगाइएको थियो।

प्रहरीका अनुसार उखुबारीको मध्यभागबाट आगो सल्किएकाले कसैले चुरोट वा बिँडी पिएर ठुटो फालेको वा नियतवश आगो लगाएको हुनसक्ने आशङ्का गरिएको छ। घटनाबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। पीडित किसान रामलखन मण्डलले उखु बेचेर घरायसी खर्च र ऋण तिर्ने योजना रहेको दुःखेसो पोख्दै भन्नुभयो, “लागतसमेत डुब्यो, दोषी पत्ता लगाएर क्षतिपूर्तिसहित कारबाही हुनुपर्छ।” अर्का किसान कपिलदेव यादवले उखुमा आगो लगाउने जोसुकै भए पनि किसानमाथि अपराध गरेको भन्दै कानुनी कारबाहीको माग गर्नुभयो।

उहाँका अनुसार, उखु रोप्नुअघि र रोपेपछि मलखाद र सिँचाइ उपलब्ध हुँदा प्रतिकट्ठा औसत ३० देखि ३५ क्विन्टल उत्पादन हुन्छ। चिनी उद्योगलाई बेच्दा प्रतिक्विन्टल रु ६२० र सरकारी अनुदान रु ७० गरी रु ६९० आम्दानी हुने गर्छ। यस आधारमा ३० बिघा क्षेत्रफलमा करिब १८ हजार क्विन्टल उखु जलेको अनुमान गर्दा क्षति रु एक करोड २४ लाख २० हजारसम्म पुग्ने देखिएको उहाँले बताउनुभयो।

# भारतको केन्द्रीय प्रसारण निकायबाट सीमापार विद्युत् परियोजनामा लिट्मस् इन्डस्ट्रिजलाई स्वीकृति

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ फागुन ।**

नेपालको तार, केबल तथा कन्डक्टर उत्पादन गर्ने सबैभन्दा ठूलो उद्योग लिट्मस् इन्डस्ट्रिज लिमिटेडले भारतको पावर ग्रिड कर्पोरेशनअफ इन्डिया (पीजीसीआईएल) बाट उच्च क्षमताको विद्युत् प्रसारण लाइन आपूर्ति सम्बन्धी महत्वपूर्ण सम्झौता हासिल गरेको छ ।




पीजीसीआईएल भारतको केन्द्रीय विद्युत् प्रसारण निकाय हो, जसले देशको अन्तरराज्यीय तथा सीमापार विद्युत् प्रसारण सञ्जाल सञ्चालन गर्छ । यस स्वीकृतिसँगै लिट्मस् इन्डस्ट्रिज सीमापार विद्युत् प्रसारण परियोजनाका लागि चयन हुने एकमात्र नेपाली उत्पादक बनेको छ ।

सम्झौता अनुसार लिट्मस् इन्डस्ट्रिजले ४०० केभीएसीएसआर मूस कन्डक्टर २,७९९ किलोमिटर उत्पादन तथा आपूर्ति गर्नेछ । यी कन्डक्टरहरू नेपालको डिडिङ्ग-ढल्केबरर भारतको बथनाहा सीमापार विद्युत् प्रसारण लाइन परियोजनामा प्रयोग गरिने छ । उक्त प्रसारण लाइन ९०० मेगावाट क्षमताको अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित छ । नेपालमै पहिलो पटक ४०० केभीएसीएसआर मूस कन्डक्टर उत्पादन हुन लागेको हो । यसले देशको प्रविधिक तथा औद्योगिक क्षमतामा महत्वपूर्ण उपलब्धि हासिल गर्दछ ।

परियोजना स्वीकृत गर्नु अघि पावर ग्रिड कर्पोरेशनअफ इन्डियाले लिट्मस् इन्डस्ट्रिजको कारखानाको गहन मूल्याङ्कन गरेको थियो । यस क्रममा उत्पादन प्रक्रिया, उत्पादन क्षमता, गुणस्तर नियन्त्रण तथा परीक्षण प्रणाली, साथै समग्र कारखाना पूर्वाधारको समीक्षा गरिएको थियो । यस गहन मूल्याङ्कनपछि लिट्मस् इन्डस्ट्रिजलाई परियोजनाका लागि कन्डक्टर आपूर्ति गर्न योग्य एक मात्र नेपाली उत्पादकका रूपमा स्वीकृति प्रदान गरिएको हो । यसरी लिट्मसले अन्तराष्ट्रिय प्रतिस्पर्धामा सामेल भएर छनोट हुनु नेपालको लागि गौरवको विषय हो ।

ढल्केबर-बथनाहा प्रसारण लाइन नेपालका महत्वपूर्ण ऊर्जा आयोजना मध्ये एक अरुण-३ जलविद्युत् आयोजना सँग सम्बन्धित मुख्य सीमापार संयोजन हो । ९०० मेगावाट क्षमताको यो आयोजनाले नेपालको ऊर्जा सुरक्षालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ । यसले औद्योगिक विकासलाई सहयोग गर्ने र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तार गर्ने विश्वास गरिएको छ ।

लिट्मस् इन्डस्ट्रिजसँग ठूला प्रसारण परियोजनामा काम गरेको प्रमाणित अनुभव छ । यसअघि कम्पनीले हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन परियोजनाका लागि नेपाल विद्युत् प्राधिकरणलाई ४०० केभीएसीएसआर मूस कन्डक्टर ३,६०० किलोमिटर आपूर्ति गरिसकेको छ । यो परियोजना नेपालका अत्यन्तै महत्वपूर्ण आन्तरिक प्रसारण मार्गहरू मध्ये एक हो ।

हालप्राप्त स्वीकृतिले लिट्मस् इन्डस्ट्रिजलाई विश्वसनीय अन्तराष्ट्रिय आपूर्तिकर्ताका रूपमा स्थापित गरेको छ । यसले नेपाली उद्योगको विस्तार हुँदै गएको भूमिका उजागर गर्छ । साथै, सीमापार ऊर्जा पूर्वाधार विकासमा नेपालको सहभागिता सशक्तबन्दै गएको संकेत पनि दिन्छ ।

लिट्मस् इन्डस्ट्रिज लिमिटेड, रमेश कर्प समूह अन्तर्गतको उद्योग, सन् १९७७ देखि चार दशकभन्दा बढी समयदेखि नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्दै आएको अग्रणी उद्योग हो । कम्पनीले औद्योगिक तथा पूर्वाधार विकास परियोजनाका लागि मध्यम भोल्टेज एक्सएलपीई आवरणयुक्त कन्डक्टर, एसीएसआर कन्डक्टर, एरियल बन्च्ड केबल, न्यूनभोल्टेज पावर केबल तथा कन्ट्रोल केबल पनि उत्पादन गर्दै आएको छ । यसका साथै लिट्मस् इन्डस्ट्रिजले घरायसी विद्युत् जडानका लागि लिट्मस् केबल्स, जसमाएफआरएलएस केबल र इकोवायर-जेडएच हलोजनरहित तार समावेश छन्, उत्पादन तथा आपूर्ति गर्दछ । कम्पनीले बुटवल र नवलपरासीमा अवस्थित दुई अत्याधुनिक उत्पादन केन्द्रहरू सञ्चालन गरिरहेको छ, जसमा नेपालमै पहिलो पटक स्थापना गरिएको एल्युमिनियम रड उत्पादन प्लान्ट पनि समावेश छ । लिट्मस् इन्डस्ट्रिजले आफ्ना सबै उत्पादन तथा प्रक्रिया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर र सुरक्षा मापदण्ड अनुसार सञ्चालन गर्दै आएको छ ।

# काठमाडौँमा बढ्दै छ वायु प्रदूषण, सचेत रहन आग्रह

काठमाडौँ, ५ फागुन (रासस) ।

काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको छ । सोमबार मध्याह्नमा १७८ रहेको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) मंगलबार मध्याह्नसम्म १९१ पुगेको छ । यो स्तर 'सबैका लागि अस्वस्थ' श्रेणीमा पर्छ, जसले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटुरोगीलाई बढी असर पार्न सक्छ ।

योससँगै मंगलबार काठमाडौँ उपत्यकाको वायु प्रदूषण अस्वस्थ तहमा पुगिसकेको छ । 'एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार मंगलबार काठमाडौँ विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ । भारतको दिल्ली २२९ एक्युआईसहित पहिलो र पाकिस्तानको लाहोर २०३ एक्युआईसहित दोस्रो स्थानमा सूचीकृत भएको छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नभए आगामी दिनमा प्रदूषण अझै बढ्न सक्ने बताउनुभयो । वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने भएकाले लामो समयसम्म सुक्खा मौसम रहँदा प्रदूषणको मात्रा उच्च हुने उहाँको भनाइ छ । दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको महानिर्देशक सुवेदीले जानकारी दिनुभयो ।

वातावरण अभियन्ता वर्षा पराजुलीका अनुसार उपत्यकामा सवारीसाधनको तीव्र वृद्धि, डिजेल तथा पेट्रोलबाट निस्कने धुवाँ, निर्माणाधीन सडक तथा पूर्वाधार परियोजनाबाट उड्ने धुलो, साथै वन डढेलो र लामो समयसम्मको सुक्खा मौसमले वायु प्रदूषण बढाएको छ ।

"यदि समयमै नियन्त्रणका उपाय अपनाइएन भने स्थिति अझ जटिल बन्न सक्छ," उहाँले भन्नुभयो ।

सुक्खा रहेमा अझ झन् प्रदूषण बढ्न सक्ने भन्दै समयमा नै सचेत हुन समेत पराजुलीले आग्रह गर्नुभएको छ । इन्डेक्सको तथ्याङ्कअनुसार देखि ५० एक्युआई राम्रो (हरियो सङ्केत) तथा ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो सङ्केत) मानिन्छ । त्यसैगरी, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ । यस्तै १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ ।

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ । यस्तो विपद् न्यूनीकरणका लागि फोहोर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि 'ब्रुमर' तथा 'भ्याकुम'को प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति छ । साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख गरिएको छ ।

# बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने उम्मेदवारको संख्या बढ्दै

काठमाडौँ, ५ फागुन (रासस) ।

निर्वाचन आयोगले निर्वाचन खर्च बैंक तथा वित्तीय संस्थाका खातामार्फत गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेपछि उम्मेदवारले धमाधम खाता खोलेका छन् । राजनीतिक दल र उम्मेदवारले चुनावमा खर्च गर्न छुट्टै बैंक खाता खोल्ने व्यवस्था आयोगले गरेको छ । सोही व्यवस्थाअनुसार हालसम्म ६७१ जना उम्मेदवारले बैंक तथा वित्तीय संस्थामा चुनावी खाता खोलेका छन् ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवारमध्ये हालसम्म बैंक खाता खोल्नेको सङ्ख्या ६७१ जना रहेका आयोगको प्रणालीमा सूचना प्राप्त भएको जानकारी दिनुभयो ।

निर्वाचनमा भाग लिने दल र उम्मेदवारले यसअघिका निर्वाचनमा बैंक खातामार्फत खर्च गर्नुपर्ने अनिवार्य गरिएको थिएन । यस वर्षदेखि भने दल र उम्मेदवारले निर्वाचन खर्च अनिवार्य बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था लागू गरेको हो । बैंकिङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने आयोगको विश्वास छ ।

आयोगले विभिन्न आधारमा भूगोलअनुसार उम्मेदवारले रु २५ लाखदेखि ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ । आर्थिक अनुशासनका लागि आयोगले यस्तो व्यवस्था गरेको स्पष्ट पारेको छ । आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैंक खाता खोलिसक्दा सुगम जिल्लाका अधिकांश उम्मेदवारले अझै खाता नखोलेका बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका अनुसार ७५३ वटै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको शाखा खुलेका छन् । राजनीतिक दल र उम्मेदवारले रु २५ हजारभन्दा बढी रकम बैंक खाताबाट लिने र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । आयोगले सोमबार बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई आमन्त्रण गरी छलफल गरेको थियो । सो छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैंकिङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने बताउनुभएको थियो ।

बैंकसँगको छलफलमा उहाँले हातहातमा पैसा लिएर चुनावमा खर्च गर्न नपाइने व्यवस्था गरिएको र त्यसकै लागि आयोगले छुट्टै निर्देशिका बनाएको जानकारी दिनुभएको थियो ।

## विश्व समाचार

# बङ्गलादेशका भावी प्रधानमन्त्री तारिक रहमान र सांसदहरूद्वारा संसदको शपथ ग्रहण

ढाका, ५ फागुन (रासस/एएफपी) ।

बङ्गलादेशका भावी प्रधानमन्त्री तारिक रहमान र सांसदहरूले मङ्गलबार संसदको शपथ लिएका छन् । उनीहरु सन् २०२४ को घातक विद्रोह पछि पहिलो पटक निर्वाचित प्रतिनिधि हुन ।

शेख हसिनाको निरंकुश सरकार अपदस्द भए देखि १८ महिना सम्म देश चलाएको अन्तरिम सरकारबाट रहमानले पदभार ग्रहण गर्ने तयारी गरेको जनाइएको छ ।

बङ्गलादेशका नव निर्वाचित सांसदहरूलाई मुख्य निर्वाचन आयुक्त ए. एम. एम नासिर उद्दीनले शपथ खुवाएको जनाइएको छ ।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का सांसदहरूले रहमानलाई औपचारिक रूपमा आफ्नो दलको नेताको रूपमा निर्वाचित गर्ने अपेक्षा गरिएको छ । यसै बिच राष्ट्रपति मोहम्मद साहाबुद्दिनले मङ्गलबार दिउँसो प्रधानमन्त्री र मन्त्रीहरूलाई पद तथा गोपनियताको शपथ खुवाउने अपेक्षा गरिएको छ । देशको सबैभन्दा शक्तिशाली राजनीतिज्ञ तथा बिएनपीका प्रमुख ६० वर्षीय रहमानको समुहले फेब्रुअरी - १२ को चुनावमा जित हासिल गरेको थियो ।

रहमानले लामो समयको उथल पुथल पछि स्थिरता पुनर्स्थापना गर्ने र विकासलाई पुनर्जीवित गर्ने प्रतिवद्धता गर्दै वर्षौंको कडा प्रतिद्वन्द्विताले ध्रुवीकृत भएको देशमा सबै दलहरूलाई "एकजुट रहन" पनि आह्वान गर्नु भएको छ ।

**'शान्तिपूर्ण विपक्ष'**

रहमानको जितले ढाकाको राजनीतिक आँधीबेहरीबाट टाढा रहेर बेलायतमा १७ वर्षको निर्वासन पछि डिसेम्बरमा बङ्गलादेश फर्केका मानिसका लागि उल्लेखनीय परिवर्तनको सङ्केत गरेको जनाइएको छ ।

बिएनपी गठबन्धनले एक चौथाइ भन्दा बढी २१२ सिट जितेको छ भने जमात-ए-इस्लामी नेतृत्वको गठबन्धनले ७७ सिट जितेको छ । जमातका नेता शफिकुर रहमानले पनि इस्लामवादी पार्टीले "सतर्क, सैद्धान्तिक र शान्तिपूर्ण विपक्षको रूपमा काम गर्ने" बताउनु भएको छ ।

अपदस्त नेता हसिनाको अवामी लिग पार्टीलाई भने चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको थियो ।

मानवता विरुद्धको अपराधका लागि मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले भारतमा लुकेर चुनावको निन्दा गर्नु भएको थियो । यद्दपी भारतले बीएनपीको "निर्णायक जीत" लाई -गहिरो तनावपूर्ण सम्बन्ध बिच उल्लेखनीय परिवर्तनको आधा भन्दै प्रशंसा गरेको जनाइएको छ ।

# चार वर्षपछि शान्ति प्रयास पुनः सक्रिय

जेनेभा, ५ फागुन (रासस/एपी) ।

रुसले युक्रेनमाथि पूर्ण आक्रमण थालेको करिब चार वर्ष पुग्न लाग्दा मस्को र किएभका प्रतिनिधिमण्डलहरू अमेरिकी पहलमा पुनः वार्ताको टेबलमा फर्किएका छन् । युद्धको चौथो वार्षिकोत्सवभन्दा एक साताअघि जेनेभामा सुरु हुन लागेको यो चरणलाई द्वन्द्वको सम्भावित मोडविन्दुका रूपमा हेरिएको छ । यद्यपि दुवै पक्षका अडान कठोर नै छन् । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो प्रतिनिधिमण्डल स्विट्जरल्यान्ड आइपुगेको जानकारी दिनुभएको छ भने रुसी राज्य समाचार एजेन्सी तासले पनि रुसी टोली पुगेको जनाएको छ । दुई दिनसम्म चल्ने वार्ता बुधबारदेखि औपचारिक रूपमा सुरु हुने अपेक्षा गरिएको छ ।

वार्तामा सबैभन्दा जटिल मुद्दा रूसी नियन्त्रणमा रहेका करिब २० प्रतिशत युक्रेनी भूभागको भविष्य रहने बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दूत स्टिभ विटकफ र जारेड कुशनर प्रतिनिधिमण्डलहरूसँग छलफलमा बस्ने तयारीमा हुनुहुन्छ । संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा एपीसँग कुरा गरेका एक स्रोतका अनुसार डोनबास क्षेत्रबारे 'कठिन' बहस हुने सम्भावना छ, किनकि मस्कोले अझै पनि किएभलाई पूर्वी क्षेत्रको नियन्त्रण त्याग्न दबाब दिइरहेको छ ।

जेनेभामा सैन्य तहको समानान्तर छलफल पनि हुने भएको छ । अमेरिकी, रुसी र युक्रेनी सैन्य प्रमुखहरूले सम्भावित युद्धविरामको अनुगमन संयन्त्र, असैन्यीकृत क्षेत्रको व्यवस्थापन र प्रत्यक्ष सैन्य सम्पर्क पुनःस्थापनाबारे विचार-विमर्श गर्नेछन् । यसअघि अबु धाबीमा भएको चरणमा यस्ता प्राविधिक विषयमा प्रारम्भिक छलफल भएको थियो ।

तर यथार्थमा प्रगतिको सम्भावना सीमित देखिएको छ । संयुक्त राज्य अमेरिकाले जुनसम्म समाधानको समयसीमा सुझाए पनि दुवै पक्ष मूलभूत क्षेत्रीय मागमा पछि हट्न तयार देखिएका छैनन् । करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा युक्रेनी सेना ठूलो रुसी बलसँग जुधिरहेको छ । जेलेन्स्कीका अनुसार रुसले हालै १२ क्षेत्रमा करिब ४०० लामो दूरीका ड्रोन र २९ मिसाइल प्रहार गरेको छ, जसमा बालबालिकासहित नौ जना घाइते भएका छन् । ओडिसा बन्दरगाह सहरमा हजारौं बासिन्दा विद्युत् र पानी सेवाविहीन बनेका छन् ।

जेलेन्स्कीले निरन्तर आक्रमणले शान्ति प्रयास कमजोर बनाएको उल्लेख गर्दै मस्कोलाई 'जवाफदेही बनाइनु आवश्यक' रहेको बताउनुभएको छ । उहाँले बिना शर्त र दीर्घकालीन युद्धविरामको अमेरिकी प्रस्तावमा आफूहरू सहमत रहेको दोहोर्‍याउनुभयो ।

ट्रम्पले जेनेभा बैठकलाई 'ठूलो वार्ता' को संज्ञा दिनुभएको छ । वासिङ्टन फर्कँदै गर्दा उहाँले युक्रेनले छिटो वार्तामा सक्रिय हुनुपर्ने बताउनुभएको थियो, यद्यपि उक्त अभिव्यक्तिको सन्दर्भ प्रस्ट पारिएको छैन ।

अमेरिकी पक्षबाट युरोपमा नाटो सेनाका कमान्डर जनरल एलेक्सस ग्रिन्केविच र अमेरिकी सेनाका सचिव डान ड्रिस्कोल सहभागी हुनुहुनेछ । ग्रिन्केविचले रुसी सेना प्रमुख जनरल भ्यालेरी गेरासिमोभसँग उच्चस्तरीय संवाद सुरु गर्ने अपेक्षा गरिएको छ । यसअघि संयुक्त राज्य अमेरिकाले रुससँग प्रत्यक्ष सैन्य सम्पर्क पुनःस्थापित गरेको जनाएको थियो ।

जेनेभामा यी वार्ताहरू भइरहेका बेला अमेरिकी अधिकारीहरूले इरानसँग पनि स्विस सहरमै अप्रत्यक्ष संवाद अघि बढाएका छन् ।

# डिन सप्तरीद्वारा सब-इन्जिनियर यादवको हत्याका दोषिलाई कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) सप्तरीले पुर्वाधार विकास कार्यालय सर्लाही, मलङ्गवामा कार्यरत सब-इन्जिनियर प्रमोद कुमार यादवको हत्याका दोषिलाई कारवाहीको माग गरेको छ ।

डिन सप्तरीका अध्यक्ष रमेश कुमार यादव र सचिव सरोज यादवद्वारा सोमबार जारि संयुक्त विज्ञप्तिमा सो माग गरिएको हो । कर्तव्यनिष्ठ राष्ट्रसेवक कर्मचारीमाथि भएको यस्तो आपराधिक घटनाले राज्यको शान्ति सुरक्षा व्यवस्थामाथि नै गम्भीर चुनौती बनेको भन्दै घटनाको निष्पक्ष, पारदर्शी र शिघ्र छानबिन गरी दोषीलाई कानुन बमोजिम कडा कारवाही गर्न माग गरेको छ ।

यस्तै शोक सन्तप्त परिवारलाई उचित क्षतिपूर्ति तथा राहत उपलब्ध, राष्ट्रसेवक कर्मचारीहरुको सुरक्षाको सुनिश्चितता र यस्ता घटनाको पुनरावृत्ति नहुने गरी दीर्घकालीन सुरक्षा रणनीति अवलम्बन गर्न जारी गरिएको प्रेस वक्तव्यमा भनिएको छ ।

साथै विज्ञप्तिमा जघन्य तथा अमानवीय घटनाप्रति घोर भर्त्सना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना समेत प्रकट गरिएको छ ।

पुर्वाधार विकास कार्यालय सर्लाही, मलङ्गवामा कार्यरत सिरहा जिल्ला सुखिपुर नगरपालिका-वैशाखा घर भएका सब-इन्जिनियर यादवलाई यही फागुन ३ गते साँझ करिब ७:३० बजे अज्ञात समूहले गोली हानी हत्या गरिएको थियो ।

# निर्वाचन लक्षित सुरक्षामा खटिए नेपाली सेना

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**




प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनगर गर्दै सुरक्षा व्यवस्थामा सघाउन नेपाली सेना यहाँका कारागार देखि प्रमुख बजार सम्म सुरक्षा व्यवस्थामा खटिएका छन् ।

निर्वाचन लक्षित एकिकृत सुरक्षा योजना अनुसार नेपाल तथा सशस्त्र प्रहरीको समन्वयमा सुरक्षा व्यवस्थामा सघाउन नेपाली सेना खटिएको हो ।

निर्वाचनलाई निश्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन आवश्यक सबै सुरक्षा प्रबन्धमा सेनाले सघाएको राजविराज स्थित नेपाली सेनाको बरख गणले जनाएको छ ।

यस क्रममा राजविराज कारागार, प्रमुख बजार, सिमाक्षेत्र, प्रमुख सडक मार्ग तथा मतदानस्थल तोकिएको क्षेत्र र आसपासको क्षेत्रमा २४ सैं घण्टा सवारी तथा पैदल गस्ती परिचालन गरिएको बरखगणका गणपती प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिए ।

निर्वाचन सुरक्षाका लागी नेपाली सेनाको हाल ६ सय ५०, जिल्ला प्रहरी कार्यालयबाट १ हजार ७ सय १३ तथा सशस्त्र प्रहरी बल हेटक्वाटर राजविराजबाट ८ सय ६९ सुरक्षाकर्मी परिचालन गरिएको छ ।

यस्तै निर्वाचन सुरक्षाका लागी भर्ना गरिएका ४ हजार २ सय २२ निर्वाचन प्रहरी पनि परिचालित भएका छन । जिल्लाभर २ सय ९६ मतदान स्थल तथा ५ सय ६२ मतदान केन्द्र निर्धारण गरिएकोमा त्यसमध्ये ४ लाई सामान्य, ८३ लाई सम्वेदनशिल तथा २ सय ९ मतदानस्थललाई अति सम्वेदनशिलको रुपमा छुट्याई सोही अनुसारको सुरक्षा प्रबन्ध मिलाइएको स्थानीय प्रशासनले जनाएको छ ।

# पर्सामा कार चालकसहित एक सय ६० किलोग्राम गाँजा बरामद

**दैनिक समाचारदाता**
**पर्सा, ५ फागुन ।**

सशस्त्र प्रहरी बल नेपाल पर्सा र नेपाल प्रहरीको संयुक्त टोलीले पर्साको पकहाँमैनपुर गाउँपालिकाबाट कार चालकसहित १६० किलो गाँजा बरामद गरेको छ ।

संयुक्त टोलीले सोमबार पर्साको पकहाँमैनपुर गाउँपालिकाको मधुवनीचोकतर्फ आइरहेको प्र३-०१-००२च ५४३२ नम्बरको सुजुकीको स्वीफ्ट कारका चालक बुद्धिलाल घलानसहित सो परिमाणको गाँजा बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले गाँजासहित पक्राउ परेका चालक घलानलाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय पोखरिया पठाइएको जानकारी दिए ।

गणपति क्षेत्रीले गाँजासहित भेटिएका घलानले कारको डिक्कीबाट प्याकिङ गरेको गाँजा फ्याँक्ने क्रममा पक्राउ गरिएको बताए । सशस्त्र प्रहरीका अनुसार चालक घलानको साथबाट रु २२ हजार ५०० नगद र रियलमी कम्पनीको स्मार्टफोनसमेत बरामद भएको छ ।

# मिथिलामा १५ दिने धार्मिक माध्यमिकी परिक्रमा सुरु

जनकपुर, ५ फागुन (रासस) ।

मिथिलाको महाकुम्भ मानिने १५ दिने धार्मिक माध्यमिकी परिक्रमा सोमबारदेखि सुरु भएको छ । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले धनुषाको मिथिला विहारी नगरपालिका ठेरा कौचरीस्थित मिथिला विहारी मन्दिरबाट माध्यमिकी परिक्रमा सुरु गर्नुभएको हो ।

मिथिला विहारी नगरपालिकाले आयोजना गरेको विशेष कार्यक्रममा मुख्यमन्त्रीले परिक्रमाको सुरुआत गराउनुभयो । परिक्रमामा सहभागी भएका तीर्थयात्रीले नेपाल र भारतको १३३ किलोमिटरको दूरी खाली खुट्टा भजन कीर्तनसहित तय गर्नुहुनेछ ।

जनकपुरधामको अग्निकुण्डबाट किशोरीजीको डोला अर्थात् माता सीता र मिथिला विहारीबाट भगवान् रामको डोलासँगै परिक्रमाका सहभागीले १५ दिन लगाएर हिँड्ने गर्दछन् ।

परिक्रमाका क्रममा नेपालको ११ धार्मिक ऐतिहासिक ठाउँमा विश्राम गर्दै १०७ किलोमिटर दूरी तय गर्ने चलन छ भने भारतको २६ किलोमिटरका चार धार्मिकस्थलमा विश्राम गर्दै हिँड्ने गरेका छन् ।

मिथिला मध्यमा परिक्रमा जनकपुरधामको हनुमानगढी, भारतको कल्याणेश्वर, गिरिजास्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, धनुषाको पर्वता, धनुषाधाम, सतोखर र औरही पुग्ने गर्दछन् ।

# मतपत्र छपाइ सकियो

भक्तपुर, ५ फागुन (रासस) ।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक सम्पूर्ण मतपत्र छपाइ सम्पन्न भएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले निर्वाचन आयोगले दिएको मतपत्र छपाइको जिम्मेवारी सोमबार साँझ सम्पन्न गरिएको जानकारी दिनुभयो । मंगलबारदेखि सबै मतपत्र 'प्याकेजिङ' सकेर सम्बन्धित प्रदेशमा ढुवानी गरिने उहाँले बताउनुभयो ।

प्रबन्ध निर्देशक पौडेलले भन्नुभयो, "प्रत्यक्षतर्फ दुई करोड तीन लाख मतपत्र छपाइकार्य सोमबार साँझबाट सम्पन्न गरेका छौं । ४२ दिनको कार्यतालिका लिएर छपाइ सुरु गरिएकामा ४० दिनमै सम्पन्न गर्न सफल भयौं । अब १० दिनभित्र सबै जिल्लामा मतपत्र पुर्याउँछौं ।"

केन्द्रले दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गर्दै आएको थियो । यसअघि १० लाख नमूना मतपत्र छपाइ सकेर आयोगले विभिन्न ठाउँमा पुर्याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र जिल्लामा पठाउने काम भइरहेको केन्द्रले जनाएको छ ।

प्रबन्ध निर्देशक पौडेलले कर्णाली र सुदुरपश्चिममा सबै मतपत्र पुगिसकेको र बाँकी क्षेत्रमा पनि १० दिनभित्र मतपत्र पुऱ्याउने गरी काम भइरहेको जानकारी दिनुभयो ।

### *क्षेत्र नं. ३ मा विभिन्न ...*

मुख्य प्रतिस्पर्धामा देखिएका छन । जनमत पार्टीबाट सुरेन्द्र मधेशी, नेकपाबाट अरुण कुमार साह, एमालेबाट ताराकान्त चौधरी उम्मेदवार छन ।

यस्तै उज्यालो नेपाल पार्टीबाट परमेश्वर लाल साह, नेपाल जनता पार्टीबाट डा.सन्तोष चमन, राप्रपाबाट उम्मेदश्वर प्रसाद साह, आजपाबाट धनिक लाल चौधरी बहुजन एकता पार्टीबाट महादेव राम, नेमकिपाबाट प्रभु प्रसाद साह, श्रम संस्कृति पार्टीबाट जयनाराण मण्डल गरी कुल २२ जना उम्मेदवार चुनावी मैदानमा छन ।

कुल १ लाख ११ हजार ८ सय ७१ मतदाता रहेको यस क्षेत्रमा शम्भुनाथ र डाक्नेश्वरी नगरपालिका तथा रुपनी, विष्णुपुर र राजगढ गाउँपालिका गरी कुल ५ पालिका पर्दछ ।

### *आम जनता पार्टीका ...*

जिल्ला र प्रदेश देखि राष्ट्रियस्तर सम्मका विभिन्न मुद्दालाई सम्बोधन गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

यस्तै राजविराज विमानस्थलबाट दैनिक दुई उडान सञ्चालनमा ल्याउने, क्षेत्रभित्रका सबै पालिकामा पुस्तकालय स्थापना, किसानलाई समयमै मलखाधको व्यवस्था, लिकंरोडहरुको मरमर सम्भार, गजेन्द्रनारायण सिंह अस्पताल, औद्योगिक क्षेत्र तथा महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्तरोन्नती, छिन्नमस्ता भगवती मन्दिरलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने लगायतका प्रतिवद्धता व्यक्त गरिएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै डा. यादवले मधेशवादी दलको पटक-पटक नाम फेरिएपनि ती दलका नेता र प्रवृती नफेरिएका कारण मधेशको विकास हुन नसेको बताए ।

पार्टीबाट सप्तरीको क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार समेत रहेका यादवले संघीयता आएपछि आफुलाई मधेशी भनिने दलहरुले नै अधिकांश समय मधेश प्रदेशको सत्ता सम्हाले पनि प्रदेशको कुनैपनि सुचकांकमा सुधार आउन नसकेको गुनासो गरे । संघीयता आएको लामो समय वितिसक्दा पनि प्रदेशको आन्तिरिक स्रोतको दायरा विस्तार हुन नसकेको टिप्पणी गर्दै उनले प्रदेशवासीले अझै सुशासनको अनुभूति गर्न नपाएको बताए ।

पत्रकार सम्मेलनमा उनले आफु उम्मेदवार बन्नुका मुख्य कारण राजनीतिक आचरणमा सुधार तथा सुस्त अवस्थामा रहेको विकासिय कामलाई गति प्रदान गर्ने रहेको स्पष्ट पारे ।

यसैबीच सोही कार्यक्रममा सप्तरीको निर्वाचन क्षेत्र नं. २ मा आमजनता पार्टीको तर्फबाट उम्मेदवार रहेका ई. सुनिलराज दासले जनअधिकार पार्टीका उम्मेदवार डा शरद सिंह यादवलाई समर्थन गर्दै आफ्नो उम्मेदवारीबाट पछि हटेको घोषणा गरेका छन् ।

राजविराज ३ निवासी .दास आम जनता पार्टीका सप्तरी इन्चार्ज समेत हुन् । उनले जनभावनाको कदर गर्दै आफुले जनअधिकार पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका डा. यादवलाई समर्थन गरेको बताए ।

आजपाको जिल्ला कार्यसमितिबाट निर्णय नै गराएर आफुले प्रत्यक्ष तर्फ डा. यादवलाई समर्थन गरेको भएपनि समानुपातिकतर्फ भने आफुहरुले आफ्नै पार्टीको चुनाव चिन्हमा मतदान गर्ने उनले स्पष्ट पारेका छन् ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाकी देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*